माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री तथा नेपाली प्रतिनिधि मण्डलका नेता श्री थम माया थापाले महिला विरुद्ध हुने सबै प्रकारका विभेद अन्त्य गर्ने समिति (CEDAW Committee) मा दिनु भएको

मन्तब्य

समितिका आदरणीय अध्यक्षज्यू
समितिका सदस्य ज्युहरु
राष्ट्रिय मानव अधिकार आयोगका सदस्यज्यू
नागरिक समाजका प्रतिनिधिज्यूहरु
संचारकर्मी
महिला तथा सज्जन बृन्द !!

१. सर्बप्रथम म नेपाल सरकार र सम्पूर्ण नेपाली जनताको तर्फबाट यस सम्बादको लागि सिडअ समितिप्रति हार्दिक आभार ब्यक्त गर्दछु।

२. अब म मेरो प्रतिनिधि मण्डलको परिचय गराउन चाहन्छु । म महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीको हैसियतमा नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गरी यहाँ उपस्थित भएकी छु र मेरो प्रतिनिधिमण्डलमा संयुक्त राष्ट्रसंघको लागि नेपाली स्थायी नियोग प्रमुख तथा राजदुत श्री दीपक धिताल, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सहसचिव राधिका अर्याल, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव फणिन्द्र गौतम, संयुक्त राष्ट्रसंघको लागि नेपाली स्थायी नियोगका नायव स्थायी प्रतिनिधि श्री तिर्थराज वाग्ले, मिनिस्टर काउन्सिलर श्री राम प्रसाद सुबेदी, काउन्सिलर श्री मीना अर्याल, काउन्सिलर श्री कुमार राई, द्वितीय सचिब श्री अन्तरा सिंह र श्री बिजय राज तन्डुकार हुनुहुन्छ।

३. नेपालले पेश गरेको महिला बिरुद्द हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धिको छैठौं आवधिक प्रतिबेदन र सो प्रतिबेदनमा समितिबाट प्राप्त भएको प्रश्नहरुको थप सूचिको जवाफ सहितको प्रतिबेदन माथिको छलफलमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै सहभागी हुन पाउदा मलाई साह्रै खुशी लागेको छ।

४. नेपालले पेश गरेको यी दुवै प्रतिबेदनको तयारी गर्ने क्रममा सम्बन्धित सरकारी निकाय, मानब अधिकार सम्बन्धी निकायहरु, गैर सरकारी क्षेत्र, नागरिक समाज र विकास साझेदार संस्था संग पर्याप्त छलफल र परामर्श गरी तयार गरिएको व्यहोरा जानकारी गराउदछु । यस प्रतिबेदनमा यस अघिको चौथो र पाचौ प्रतिबेदनको समापन टिप्पणीको कार्यान्वयन अवस्था, सिडअको प्रगति र बेइजिंग घोषणा तथा कार्ययोजनाको कार्यान्वयन अवस्थालाई समाबेश गरिएको छ।

५. नेपाल सरकार महिला बिरुद्द हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धिको प्रभावकारी कार्यान्यवनको लागि प्रतिबद्ध रहेको कुरा दोहोर्याउन चाहन्छु । यसका साथै नेपाल पक्ष राष्ट्र भएका मानव अधिकार सम्बन्धी सबै महासन्धिहरुको कार्यान्यवन गर्ने प्रतिबद्दता ब्यक्त गर्दछु।

६. नेपाल हाल संयुक्त राष्ट्र संघको मानव अधिकार परिषदको सदस्य, अन्तरराष्ट्रिय श्रम संगठनको Governing Board को सदस्य, बिमस्टेक, सार्कको संयोजक तथा कोलम्बो प्रोसेसको सक्रिय सदस्यको रुपमा रहेको छ। यी सबै फोरमहरुमा नेपालले अन्य विषयका अतिरिक्त महिलाको हक, हित र समानताको विषयमा आफ्नो स्पष्ट धारणा राख्दै आएको छ। सन् २०१५ को मानव अधिकार महासन्धिको आवधिक पुनरावलोकन समीक्षा बैठकमा पनि सिडअ लगायतका महासन्धिहरूको प्रभावकारी कार्यान्वयन गर्ने प्रतिबद्धता ब्यक्त गरेको छ।

७. नेपालले सिडअ महासन्धिलाई अनुमोदन गरेको करिब २८ वर्ष पुरा भएको छ। यस अवधिमा महिलाको हक अधिकार संस्थागत गर्ने सन्दर्भमा महत्वपूर्ण उपलब्धी हासिल भएका छन्।

८. नेपालमा बहुदलिय ब्यवस्था स्थापना संग संगै भएको सिड सम्बन्धी महासन्धिको पक्ष राष्ट्र भएको थियो। पक्ष राष्ट्र भए देखि नै सिडको भावना र मर्म अनुसार काम गर्ने प्रयास भएको थियो। समाजमा सयौ बर्ष देखि जरो गाडेको सामन्ती पितृसत्तात्मक सोच चिन्तन, व्यवहारको कारण महिला माथि हुने हिंसा, विभेद र यस्कै वरिपरी भएर बनाइएको ऐन नीति कानुनहरु संसदबाट संशोधन गर्न निकै लामो संघर्ष गर्नु पर्‍यो। यसै क्रममा नेपाली जनताले संघीय लोकतान्त्रिक गणतन्त्रको लागि २०६२/२०६३ को आन्दोलन गरेका थिए। आन्दोलनको सफलता पछि निर्वाचित जन प्रतिनिधिहरुको लामो समयको छलफल पछि संविधान जारी भएको थियो। यसले सात दशक लामो नेपाली जनताको आफ्नो संबिधान आफै लेख्ने इच्छा पुरा भएको छ। संबिधान जारी भएसंगै शान्ति प्रक्रिया सार्थक निस्कर्षमा पुगेको छ।

९. यस संबिधानले बर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, सम्वृद्धि, सामाजिक न्याय, समानुपातिक समाबेशी र सहभागितामुलक सिद्धान्तमा आधारित समतामुलक समाजको निर्माण गर्ने सुनिश्चितता गरेको छ।

१० .संविधानको धारा १८ मा समानताको हकको ब्यवस्था मार्फत महिलामाथि कुनै पनि आधारमा भेदभाव गर्न नपाउने व्यवस्था छ . धारा ३८ मा महिलालाई लैङ्गिक भेदभाव बिना समान वंशीय हक एवं सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्यको हक हुने तथा महिलालाई शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसा वा शोषण नगरिने, समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा बिशेष अवसर प्राप्त गर्ने र सम्पति र पारिवारिक मामिलामा दम्पतिको हकको व्यवस्था गरेको छ।

१२.यस संविधानले नेपाल लाई एकात्मक राज्य व्यवस्थाबाट संघात्मक राज्य व्यवस्थामा रुपान्तरण गरेको छ। संघीय शासन व्यवस्थामा संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकार स्थापित गरेको छ। केन्द्रमा संघीय सरकार, प्रदेशमा ७ वटा प्रदेश सरकार र स्थानीय तहमा ७५३ वटा स्थानीय सरकार संचालनमा रहेका छन्। संबिधान बमोजिम संघ, प्रदेश र स्थानीय तहको निर्वाचन सफलता पुर्बक सम्पन्न भई करिब ४०००० प्रतिनिधिहरु निर्बाचित भएका छन्। कुल निर्वाचित पदमा महिलाको सहभागिता ४१ प्रतिशत भन्दा बढी छ। महिलाको राजनीतिक र नीति निर्माण तहमा भएको यो सहभागिता नेपालको इतिहासमा नै पहिलो उपलब्धि हो।

१३. संघीय शासन व्यवस्था अनुरुपको प्रशासनिक पुनः संरचना अन्तिम चरणमा पुगेको छ। महिला सम्बन्धी समष्टिगत मामिला हेर्नको लागि संघमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, प्रदेशमा सामाजिक विकास मन्त्रालय र स्थानीय तहमा सामाजिक शाखा रहेका छन्।

१४. राष्ट्रिय महिला आयोगले संबैधानिक हैसियत प्राप्त गरेको छ। सोही बमोजिम महिला आयोगलाई स्रोत साधन, जनशक्ति, अधिकार र जिम्मेवारीमा बढोत्तरी गरिएको छ। राष्ट्रिय महिला आयोग लगायत अन्य संबैधानिक आयोगहरुमा पदाधिकारीहरु नियुक्तिको प्रक्रिया शुरु गरिसकिएको छ।

१५.त्यसै गरी न्यायिक क्षेत्रमा तीनै तहको अदालत सर्बोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतको व्यवस्था गरिएको छ। स्थानीय तहमा न्यायिक समिति गठन भएकोले न्यायमा पहुँच वृद्धि भएको छ यसले महिलाको न्यायको पहुँचलाई सहज बनाएको छ।

अध्यक्षज्यू

१६. नेपालको संबिधान अनुकुल हुने गरी नयाँ कानूनहरु निर्माण गर्नु पर्ने र कार्यान्यिवनमा आइरहेका कानूनहरु संसोधन गर्नु पर्ने अनिबार्य व्यवस्था अनुरुप संबिधान जारी भए यता संघीय संसदबाट १०५ भन्दा बढी कानुनहरु बनिसकेका छन् भने संविधानको मौलिक हक कार्यान्वयनको लागि गत २०७५ भाद्र ३१ गते १६ वटा मौलिक हक सम्बन्धी कानून जारी भएको छन् । आगामी २०७५ फागुनसम्म सबै कानुनहरुलाई संघीयता अनुकुल हुनेगरी संशोधन गर्नु पर्ने गरी समय सीमा तोकिएको छ।

१७. नेपालको सबैभन्दा पुरानो कानुन मुलुकी ऐनलाई बिस्थापित गरी मुलुकी देवानी संहिता ऐन २०७४, मुलुकी अपराध संहिता ऐन २०७४, मुलुकी देवानी कार्यविधि संहिता ऐन २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता ऐन २०७४ कार्यान्वयनमा ल्याइएको छ। सामाजिक संविधानको रुपमा लिईने यी ऐनहरुले महिला विरुद्ध हुने सबै किसिमका विभेद, हिंसा, सामाजिक कुरीति तथा हानिकारक अभ्यासहरुलाई कानुनी दायरामा ल्याई पीडकलाई सजायको व्यवस्था गरेको छ भने पीडितलाई क्षतिपूर्तिको सुनिश्चितता गरेको छ । यी ऐन हरुको कार्यान्वयनबाट आगामी दिनमा सिडअको कार्यान्वयनमा थप प्रभावकारी हुने कुराको प्रतिबद्धता ब्यक्त गर्दछु।

१८. उल्लिखित सबै व्यवस्थाले नेपालमा लामो समय देखिको राजनैतिक अस्थिरताको अन्त्य भएको छ। नेपाली जनताको आशा र भरोसा सहितको दुई तिहाई बहुमत प्राप्त वर्तमान सरकारको मूल नारा सम्बृद्ध नेपाल : सुखी नेपाली रहेको छ। यस नारालाई सार्थक बनाउन महिला लक्षित नीति, योजना तथा कार्यक्रम अग्रस्थानमा रहेको कुरा यस समितिलाई जानकारी गराउन चाहन्छु।

१९. नयाँ संघीय व्यवस्थाको राज्य प्रमुखको नेतृत्व महिलाले नै लिनु भएको छ। यो उपलब्धी सम्पूर्ण नेपाली महिला र यस क्षेत्रमा सरोकार राख्ने निकायको गौरबको बिषय हो । वर्तमान संघीय मन्त्रिपरिषदमा ४ जना महिला मन्त्री हुनुहुन्छ । त्यसै गरी प्रदेश नम्बर तीनको प्रदेश प्रमुख पदमा महिला हुनुहुन्छ भने संघीय संसदको १६ समिति मध्ये ८ वटा समितिको नेतृत्व महिलाले लिनु भएको छ । अन्तरराष्ट्रिय फोरमहरुमा समेत नेपाली महिलाको प्रतिनिधित्व क्रमशः वृद्धि हुदै गएको छ। ६ वटा

देशमा महिला राजदुतहरु हुनुहुन्छ भने यस सम्मानित सिडअ समितिमा नेपालको तर्फबाट श्री बन्दना राणाले प्रतिनिधित्व गरिरहनु भएको छ ।

२०.महिलाको राजनैतिक प्रतिनिधित्व संगसंगै सामाजिक र आर्थिक अवस्थाहरुमा निरन्तर सुधार देखिएको छ । शिक्षा क्षेत्रमा आधारभूत तहमा लैंगिक समानताको अवस्था छ । उच्च शिक्षामा पनि विभेदको खाडल खुम्चिदै गएको छ। महिलाको स्वास्थ्य स्थितिमा सुधार भएको छ भने बाल मृत्यु दरमा न्यूनता आएको छ। यो क्षेत्रमा नेपाल दक्षिण एशियामा अग्र स्थानमा रहेको छ।

२१.महिलाको आर्थिक सहभागितामा वृद्धि भएको छ । सन् २०११ मा महिलाको घर र जग्गामा स्वामित्व करिब २० प्रतिशत थियो भने सन् २०१७ मा यो २६ प्रतिशतमा पुगेको छ। सहकारी क्षेत्रमा ५० प्रतिशत भन्दा बढी महिला सहभागी छन् भने करिब ४० प्रतिशत महिलाले सहकारी क्षेत्रको नेतृत्व लिएका छन्।

२२.नेपालले महिला तथा बालिका बिरुद्ध हुने सबै किसिमका हिंसाको अन्त्य गर्ने प्रतिबद्धता गरेको छ। लैंगिक हिंसा अन्त्यको लागि पर्याप्त कानुनी व्यवस्था गर्नुको साथै यसको प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था गरेको छ । २०७५ साल भाद्र ८ गते प्रतिनिधि सभाको बैठकले महिला तथा बालबालिका बिरुद्ध हुने हिंसा अन्त्य गर्नको लाई ४ बुंदे संकल्प प्रस्ताव पारित गरेको छ । संकल्प प्रस्तावको प्रभावकारी कार्यान्वयन गर्नको लागि कार्ययोजना तयार गरिएको छ भने यसको अनुगमन गर्नको लागि उच्चस्तरीय संयन्त्र निर्माण गरिएको छ । १० बर्ष भन्दा कम उमेरका बालिका र ७० बर्ष भन्दा बढी उमेरका महिला माथि हुने बलात्कारका घटनामा थप कडा सजाय सहितको कानूनको निर्माण गर्ने प्रक्रिया अगाडि बढाइएको छ।

२३.महिला तथा बालिका उपर हुने हिंसा अन्त्यको लागि देशब्यापी रुपमा सचेतनाका कार्यक्रमहरु संचालन गरिएको छ। आगामी दिनमा व्यापक जनस्तरसम्म ७५३ स्थानीय तहको वडासम्म पुग्ने गरी सचेतानात्मक कार्यक्रम संचालन गर्ने योजना रहेको छ। पीडितको संरक्षण र पुनस्थापनाका कार्यक्रमहरु संचालनमा रहेका छन्। लैंगिक हिंसा विरुद्धका बिषयहरु विद्यालयको पाठ्यपुस्तकमा समाबेश गरिएको छ।

२४.असुरक्षित बसाईसराई तथा बैदेशिक रोजगारलाई व्यवस्थित गरी महिला कामदारको हक हित र मर्यादित श्रमको सुनिश्चितता गर्नको लागि ७ वटा गन्तब्य मुलुक संग दिपक्षीय श्रम सम्झौता सम्पन्न गरिएको छ। अन्य केही प्रमुख गन्तब्य देशसंग श्रम सम्झौता प्रक्रियामा रहेको छ।

२५. सन् २०२१ मा नेपालमा जनगणना हुन गैरहेको छ। जनगणनाको प्रारम्भिक तयारीको काम सुरु भैसकेको छ। यस सन्दर्भमा महिलासंग सम्बन्धित सूचना, तथ्यांक तथा जानकारी आउने गरी एकीकृत लैंगिक तथ्यांकको व्यवस्था गर्ने प्रतिबद्धता ब्यक्त गर्दछु।

२६.यति बेला हामी संघीय शासन व्यवस्थालाई संस्थागत गर्ने चरणमा छौ । संवैधानिक तथा संघियताको मर्म अनुसार तिन तहको सरकार निर्माण पछि संविधानले दिएका क्षेत्राधिकार भित्र रहेर तिनै तहले विभिन्न ऐन कानुन बनाउने क्रममा छौ । नीति, ऐन कानुनहरु र कार्यविधि निर्माण पछि

व्यवस्थित रुपले जनभावना र चाहना अनुरुप काम गर्दै जाने क्रममा परिणामहरु देखिदै जाने छन् । महिला माथि हुने सबै प्रकारको विभेद अन्त्य गर्ने योजनाबद्द रुपले ठोस कार्यक्रम बनाउदै ५ बर्ष भित्र समग्र विभेदको अन्त्य गर्ने योजनाका साथ लागेको कुरा अवगत गराउन चाहन्छु ।

२७. नेपालले दिगो बिकासका लक्ष्यहरुलाई राष्ट्रिय नीति तथा कार्यक्रमहरुमा मुलप्रवाहिकरण गरी कार्यान्वयन गर्नको लागि राष्ट्रियस्तरमा ४३० वटा सूचक तयार गरेको छ । यस मध्ये लैगिक समानता र महिलाको सशक्तीकरण सम्बन्धी लक्ष्य ५ मा करिब २० वटा सूचक तय भएको छ । कोहि पनि नछुटुन् भन्ने उद्देश्य सहित यी सूचक प्राप्त हुने गरी हाल चौधौं आवधिक योजना कार्यान्वयनको चरणमा छ भने आगामी पन्ध्रौ योजना पनि यसैमा केन्द्रित हुने व्यहोरा जानकारी गराउंदछु ।

अध्यक्षज्यू

२८.महिला विरुद्ध हुने सबै किसिमको भेदभाव अन्त्य गर्ने महासन्धिको प्रभावकारी कार्यान्वयन गर्नको लागि सबल बाताबरण तथा अन्य आवश्यक व्यवस्था गर्ने प्रतिबद्धता पुनः ब्यक्त गर्दछु । आज यस सम्मानित समितिमा हुने छलफलबाट निस्किएका निचोड तथा निष्कर्षहरुको व्यापक प्रचारप्रसार सहित राष्ट्रिय स्तरमा कार्यान्वयन गर्न थप जोड दिने प्रतिबद्धता चाहन्छु ।

२९. यस पछिको छलफलको सहजीकरणको लागि म प्रतिनिधिमण्डलका बरिष्ठ सदस्य तथा संयुक्त राष्ट्र संघका लागि नेपाली स्थायी प्रतिनिधि तथा महामहिम राजदुत दीपक धिताल ज्युलाई अनुरोध गर्दछु । छलफल अवधिभर मेरो सहभागिता रहने छ र दोभाषे सहयोगी मार्फत आफ्नो भाषामा सुन्नेछु ।

३०. धन्यवाद ।

## समापन मन्तव्य

समितिका आदरणीय अध्यक्षज्यू तथा सदस्यज्युहरु,

म सिडअ समिति प्रति हार्दिक आभार व्यक्त गर्दछु । यहाहरुले नेपाल सरकारलाई महिला प्रति हुने सम्पुर्ण विभेदको बारेमा अत्यन्तै मसिनो ढंगले केस्रा केस्रा केलाएर सचेत गराउनु भएको छ । हामी यहाँहरुले उठाउनु भएको हरेक बुदामा गम्भिर छौ । उठाइएका विषयहरु मध्ये धेरै बुदाहरु नेपालको संविधानले संबोधन गरेको छ । संविधानको भावना र मर्म अनुसार धेरै कानुन बनि सकेका छन भने केहि बन्ने क्रममै छन् । यहाहरुले उठाउनु भएको महत्वपुर्ण विषयहरुलाइ सरकारले आफ्नो स्रोत साधन र औकातले भ्याए सम्म ईमान्दारिताका साथ कार्यन्वयन पनि गर्दै जानेछौ । कुनै कुनै विषय राष्ट्र र राष्ट्रियतासंग गांसिएको र आफ्नो मौलिक संस्कार संस्कृतिसंग जोडिएका विषयहरु छन् । यस्तो विषयलाई सरकारले गम्भिरताका साथ लिनु पर्ने हुन्छ । यस्ता विषयहरुलाइ अझै व्यापक छलफल गर्दै समय क्रममा सच्याउदै जान सकिने कुरा सिड समितिलाई विश्वास दिलाउन चाहन्छु । अन्तमा यहाहरु प्रति पुनः एक पटक हार्दिक आभार तथा धन्यबाद दिदै मेरो समापन मन्तव्य टुंग्याउछु ।
धन्यबाद ।।